सगरमाथा इन्स्योरेन्स कं. लि.
Sagarmatha INSURANCE COMPANY LTD.
A JOINT VENTURE WITH CEYLINCO INSURANCE PLC, SRI LANKA

SAGARMATHA VIP ON THE SPOT

च.नं. : १९४६ - २०७८/०७९
मिति : २०७९/०१/०७
श्री नेपाल स्टक एक्सेञ्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

बिषय : बार्षिक साधारण सभा बस्ने बारेको जानकारी सम्बन्धमा ।

महाशय,
उपरोक्त बिषयमा यस कम्पनीको मिति २०७९/०१/०५ मा बसेको संचालक समितिको ३१३ औं बैठकको निर्णय अनुसार आ.व. २०७७/०७८ को २५ औं बार्षिक साधारण सभा मिति २०७९ बैशाख २८ गते बुधबारका दिन बिहान १०:३० बजे लैनचौर बैङ्क्वेट, लैनचौर, काठमाडौंमा बस्ने व्यहोरा जानकारी गराउंदछौं । साथै उक्त साधारण सभामा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरीने ब्यहोरा अवगत गराउंदछौं ।

१. सामान्य प्रस्ताव :

१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूवाट पेश हुने आ.ब.२०७७/०७८ को बार्षिक प्रतिवेदन पारित गर्ने ।

१.२ आ.ब.२०७७/०७८ को लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

१.३ संचालक समितिबाट प्रस्ताव भए बमोजिम चूक्ता पूंजीरु.१,११,१३,५७,५००/- को १.०५२६३ प्रतिशत नगद लाभांश (बोनस शेयर मा लाग्ने कर प्रयोजनार्थ) बितरणको प्रस्ताव पारित गर्ने ।

१.४ कम्पनीको आ.व.२०७८/०७९ को लेखा परिक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने ।

१.५ कम्पनीमा रिक्त रहेको स्वतन्त्र संचालकमा नियुक्त स्वतन्त्र संचालक श्री शोभा श्रेष्ठलाई गरिएको नियुक्ती अनुमोदन गर्ने ।

२. बिशेष प्रस्ताव :

२.१ संचालक समितिबाट प्रस्ताब भए बमोजिम कम्पनीको हालको चुक्ता पुंजी रु. १,११,१३,५७,५००/- को २० प्रतिशत अर्थात बर्तमान १० शेयर बराबर २ शेयर (१०:२) अनूपातमा बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अङ्कलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२.२ प्रवन्ध पत्रको दफा ५.१ मा संशोधन गरी कम्पनीको अधिकृत पूंजी रु. दुई अरबबाट बृद्धि गरी रु. ५ अरब कायम गर्ने र दफा ५ को उपदफा २ पछि उपदफा २.१ थप गरी सो उप दफामा चुक्ता पूंजी को ब्यवस्था गरी कम्पनीको चुक्तापूंजी रु. १,३३,३६,२९,०००/(एक अरब तेत्तिस करोड छत्तिस लाख उनान्तीस हजार) कायम गर्ने ।

(सही) (छाप: सगरमाथा इन्स्योरेन्स ... २०५१)

"BIG OR SMALL, SECURITY FOR ALL"

Corporate office: "Surakshan" Bhawan, Bhagwati Marg, Naxal,Kathmandu,Nepal |P.O.B 12211| Tel.+977-1-4412367 | Fax. +977-1-4412378
Email: info@sagarmathainsurance.com.np | Toll Free Number: 1660-01-666 66
www.sagarmathainsurance.com.np

२.३ कम्पनीबाट Covid-19 को समस्यालाई मध्येनजर गरी बिभिन्न सामाजिक संघ संस्थालाई आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड "ग" ले निर्धारण गरेको सिमा नाघेको हुदा सो अन्तर्गत भएको खर्च रु. ३३ लाख ४५ हजार ५ सय लाई अनुमोदन गर्ने ।

२.४ निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्वन्धि संचालक समितिलाई दिईएको सम्पुर्ण कार्य गर्ने अधिकारलाई निरन्तरता प्रदान गर्ने ।

२.५ उपरोक्त बमोजिमका प्रस्ताव पारित भई स्वीकृतिका लागी पेश हुंदा नियमनकारी निकाय वा कार्यालयबाट कुनै बिषयमा संसोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

३. बिबिध ।

भवदीय,

बिश्व नाथ अधिकारी
कम्पनी सचिव



Corporate office: "Surakshan" Bhawan, Bhagwati Marg, Naxal,Kathmandu,Nepal |P.O.B 12211| Tel.+977-1-4412367 | Fax. +977-1-4412378
Email: info@sagarmathainsurance.com.np | Toll Free Number: 1660-01-666 66
www.sagarmathainsurance.com.np